नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

प.सं.

च.नं.

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री बसन्तकुमार नेम्वाङज्यूले आज मिति २०७८/०३/११ गते मन्त्रालयमा पद बहाली गर्नुभयो। माननीय मन्त्रीज्यूको पद बहाली तथा स्वागत कार्यक्रममा मन्त्रालय एवं सम्बद्ध निकाय प्रमुखहरु, पदाधिकारीहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो।

पदभार ग्रहण एवं स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले कानूनको अधिनमा रही विधिपुर्वक राष्ट्र निर्माणको अभियानमा लाग्न सबैमा अनुरोध गर्नुभयो। संविधानको पालना, मौलिक हकको संरक्षण, जनतालाई सुसूचित गराउने दायित्व सरकारको भएको र सोही अनुरुप मन्त्रालयको जिम्मेवारी हुने भएकाले ईमान्दारी र उत्तरदायी बन्न आव्हान समेत गर्नुभयो। **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय लक्ष्य पूरा गर्ने एक प्रमुख निकाय भएकाले प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहको सहकार्यमा आउन सक्ने बाधा अड्चन फुकाउन, कोभिड कहर, प्राकृतिक विपत्तीको सामना गर्न तथा मन्त्रालय सम्बद्ध नीति कार्यक्रम कार्यान्वय गर्न आफू सहयोगी साथीको रुपमा रहने विश्वास दिलाउँदै मन्त्रालय परिवारप्रति धन्यवाद प्रकट गर्नुभयो।

उक्त कार्यक्रममा मन्त्रालयका सचिव श्रीमान् हरिप्रसाद बस्यालज्यूले मन्त्रालय एवं सम्वद्ध अठारवटा निकायहरुको क्षेत्रगत एवं विधागत जिम्मेवारी प्रष्ट पार्नुभयो। समग्र सञ्चार तथा सूचना प्रविधिको क्षेत्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सचिवस्तरीय एकिकृत सञ्चार तथा सूचना प्रविधि नीति तर्जुमा समिति गठन भएको जानकारी समेत दिनुभयो। सरकारको नीति तथा कार्यक्रम सम्बोधन एवं कार्यान्वयन गर्न सक्षम नेतृत्व प्राप्त भएकोले जनताले अनुभूत गर्नेगरी कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दै माननीय मन्त्रीज्यूको सफल कार्यकालको शुभकामना दिनुभयो।

२०७८ असार ११ गते, शुक्रवार

(शोभाकान्त पौडेल)

सहसचिव एवं प्रवक्ता